# ........... बाल क्लवको विधान, २०८० (नमूना)

बुढानीलकण्ठ नगरपालिका

बागमती प्रदेश, काठमाडौं नेपाल

# ……….. बाल क्लवको विधान, २०८०

**प्रस्तावनाः**

बालबालिका सम्बन्धी ऐन,२०७५ को दफा ८ र १०, बालबालिका सम्बन्धी नियमावली,२०७८ को नियम ३ तथा बुढानीलकण्ठ नगपालिकाको बालबालिका सम्बन्धी कार्यविधि,२०७९ को दफा २० बमोजिम बुढानीलकण्ठ नगरपालिका वडा नं……. स्थित…………विद्यालयका बालबालिकाको बाल अधिकार संरक्षण र प्रर्वद्धनका लागि बाल क्लब खोल्न वाञ्छनीय भएकोले हामी बालबालिकाहरुको भेलाबाट यो विधान बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम ठेगाना र प्रारम्भः** (१) यस बाल क्लबको नाम………………….रहनेछ।

(२) यस बाल क्लबको ठेगाना जिल्ला काठमाडौ बुढानीलकण्ठ नगरपालिका वडा नं………../………………………विद्यालय/टोल/…….. रहनेछ।

(३) यो विधान ………. नगरपालिकामा दर्ता भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा,-

(क) "बाल क्लव" भन्नाले……………………………………बाल क्लब सम्झनु पर्छ।

(ख) "सदस्य" भन्नाले दफा ६ बमोजिम सदस्यता लिएको बालबालिका सम्झनु पर्छ।

(ग) "विधान" भन्नाले ……………. बाल क्लवको विधान सम्झनु पर्छ।

(घ) "समिति" भन्नाले दफा ११ बमोजिमको कार्य समिति सम्झनु पर्छ।

(ङ) "बाल अधिकार समिति" भन्नाले बुढानीलकण्ठ नगरपालिकाको स्थानीय बाल अधिकार समिति सम्झनु पर्छ।

(च) "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नभएका व्यक्तिलाई सम्झनु पर्छ।

३. **बाल क्लवको सचिवालय र छापः** (१) यस बाल क्लवको सचिवालय…………मा रहनेछ।

(२) यस बाल क्लबको छाप अनुसूची-१ बमोजिम हुनेछ।

## परिच्छेद-२

## बाल क्लबको उद्देश्य, काम र कर्तव्य

४. **बाल क्लबको उद्देश्यः** बाल क्लबको उदेश्य देहाय बमोजिम हुनेछः-

क) बालबालिकाको हकहित र बाल अधिकारको संरक्षण र प्रद्वर्धन गर्ने,

ख) बालबालिकाको सरोकारका बिषयमा अर्थपुर्ण सहभागिता सुनिश्चित गर्ने,

ग) बाल अधिकारको प्रचारप्रसार गर्ने र बालबालिका बिरुद्धको हिंसा, दुर्व्यबहार र शोषण, बिरुद्ध सचेतना अभिवृद्धि गर्ने,

घ) बालमैत्री वातावरण निर्माणका लागि पैरवी गर्ने,

ङ) ............................................... ।

५. **<u>बाल क्लबको काम र कर्तव्य:</u>** बाल क्लवको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

क. बाल क्लवको नेतृत्व र यसका क्रियाकलापमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम संञ्चालन गर्ने,

ख. बालबालिकाको हक, हित र अधिकारको प्रबर्द्धन, सिर्जनात्मक गतिबिधि, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम संञ्चालन गर्ने,

ग. बिद्यालयको नियमित पठनपाठनमा बाधा नपर्ने गरी आफ्ना कार्यक्रम संञ्चालन गर्ने,

घ. नगरपालिका वा विद्यालयले बनाउने कार्यक्रम तथा योजनामा बालबालिकाको तर्फबाट बाल क्लव मार्फत सामूहिक धारणा राख्ने,

ङ. बालक्लवको सदस्यता लिन वा प्रतिनिधित्व गर्न कुनै बालक वा बालिकालाई बाध्य पार्न नहुने,

च. बालबालिकामा देश प्रेम र देश भक्तिको भावना जागृत गराउने,

छ. नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता वा विभिन्न जात, जाती, धर्म सम्प्रदायको बीचको सु-सम्बन्धमा खलल गर्ने, जातीय भेदभाव वा छुवाछुतको कार्य गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने गरी कुनै कार्य नगर्ने,

ज. कुनै राजनीतिक दलसंग आवद्ध हुन वा दलीय राजनीतिक कार्यक्रममा सहभागी हुन वा सोको समर्थन र बिरोध गर्न नहुने,

झ. बालक्लबको प्रभावकारी संचालन तथा कार्यहरुलाई व्यवस्थित गर्न नगरपालिका, विद्यालय, अभिभावक, वडा/स्थानीय/प्रदेश बालअधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषद बालबालिका खोजतलास सेवा १०४ र बाल हेल्पलाइन १०९८ लगायत सरोकारवाला निकायसँग समन्वय गर्ने

ञ. बालबालिकाको सर्वोत्तम हित, ज्ञानमूलक प्रतिभा प्रस्फुटन, शैक्षिक साँस्कृतिक गतिविधि खेलकुद, बाल भेला, छलफल र अन्तरक्रिया कार्यक्रमको आयोजना गर्ने,

ट. विद्यालय तथा समुदायको विकासमा सदैव जागरुक भई योगदान पुऱ्याउने,

ठ. विद्यालय बाहिर रहेका बालबालिकाको विद्यालय भर्ना तथा निरन्तरताको लागि आवश्यक अभियान संचालन गर्ने र शैक्षिक क्यालेण्डरको प्रभावकारी कार्यान्वयनमा सहयोग पुऱ्याउने,

ड. बालमैत्री विद्यालय, बालमैत्री नगरपालिका निर्माणका लागि आवश्यक सहयोग तथा पैरवी गर्ने,

ढ. बाल अधिकारको प्रचारपसार गर्ने, बाल श्रम, बाल विवाह, बालबालिका विरुद्धको हिंसा दुर्वयवहार, शोषण भेदभाव विरुद्ध सचेतना जगाउने,

ण. बालबालिकालाई कुलत, दुर्व्यसन, भेदभाव र खराब आचरणबाट जोगाउने र बालबालिकाको समस्या पहिचान गरी समाधानका लागि सम्बन्धित निकायमा पुऱ्याउन सहजीकरण गर्ने,

त. तोकिएका अन्य काम कर्तव्यको पालना गर्ने,

थ. ......................................................

## परिच्छेद -३

## सदस्यता सम्बन्धी व्यवस्था

६. **बाल क्लबको सदस्यता:** (१) विद्यालय/समुदायमा रहेका १० वर्ष पुरा भई १८ वर्ष उमेर पुरा नभएका बालबालिका यस बाल क्लबमा सदस्य रहनेछन।

७. **सदस्यको योग्यता:** (१)यस बाल क्लबमा देहाय बमोजिमका बालबालिका सदस्य हुन पाउने छनः-

क. १८ वर्ष ननाघेको,

ख. बाल क्लबको विद्यान प्रति प्रतिवद्ध रहेको,

ग. इमान्दार, नैतिकवान, कर्तव्य प्रति सजग र सदाचारी रहेको।

(२) बाल क्लव गठन गर्दा समावेशी सिद्धान्तको आधारमा गठन गरिनेछ।

(३) बाल क्लवको सदस्य हुन इच्छुक बालबालिकाले आफ्नो उमेर खुलाई बाल क्लबमा सदस्यताको लागि निवेदन दिन सक्नेछन।

८. **सदस्यता खारेजी:**(१)देहायको अवस्थामा बाल क्लबमा रहेका सदस्यको सदस्यता खारेज हुनेछः-

क. निजको उमेर १८ वर्ष उमेर पूरा भएमा

ख. विधान विपरित कार्य गरेमा क्लबको बैठकको दुई तिहाई बहुमतले हटाएमा,

ग. विना सूचना समितिको ३ वटा बैठकमा लगातार अनुपस्थित भएमा।

घ. निजले कार्यसमिति समक्ष राजीनामा दिएमा।

(२) अध्यक्षको हकमा कार्यसमिति समक्ष र सदस्यको हकमा अध्यक्ष समक्ष राजीनामा दिनुपर्नेछ।

## परिच्छेद -४

## साधारण सभा सम्बन्धी व्यवस्था

९. **साधारण सभाः**

१. बाल क्लबको साधारण सभा वर्षको एक पटक बस्नेछ।

२. साधारण सभाको सूचना प्रत्येक सदस्यलाई ७ दिन अगावै सचिवले दिनु पर्नेछ।

३. आवश्यक परेमा अध्यक्षले विशेष साधारण सभा बोलाउन सकिनेछ।

४. हरेक साधारण सभामा आगामी एक वर्षको लागि क्लबको कार्य समितिका पदाधिकारीको चयन गरिनेछ।

५. साधारण सभामा क्लबको वार्षिक कार्य प्रगति प्रतिवेदन र वार्षिक कार्ययोजना सम्बन्धी प्रस्तावहरु निर्णयार्थ अध्यक्षले पेश गर्नेछ।

६. क्लबका साधारण सदस्यहरुको एकाउन्न प्रतिशत उपस्थितिलाई साधारण सभाको गणपुरक संख्या मानिनेछ।

७. विद्यालय, वडा, नगरपालिका एवं सरोकारवालाले सधारण सभा आयोजना र सञ्चालनका लागि आवश्यक समन्वय, सहयोग तथा सहजीकरण गर्न सक्नेछ।

१०. **साधारण सभाको काम कर्तव्य अधिकार**

क. साधारण सभामा प्रस्तुत भएका विषयहरुमा छलफल गराई निर्णय गर्ने

ख. कार्य समितिले पेश गरेको आगमी योजना तथा कार्यक्रमहरु पारित गर्ने

ग. बालक्लवको गतिविधी समिक्षा गर्ने र नीति निर्देशन तयार गर्ने

घ. विधान बमोजिम निर्वाचन गर्ने

ङ. कार्यसमितिबाट पेश भएको विधान संशोधन/नियम संशोधन तथा नियम स्वीकृत गर्ने

च. तोकिएका अन्य कार्य गर्ने।

## परिच्छेद -५

## कार्य समिति गठन प्रक्रिया

११. **बाल क्लबको कार्य समिति गठनः** (१) बाल क्लव कार्यसमितिको गठन समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुने गरी गरिनेछ।

(२) कार्यसमितिमा देहायबमोजिमका पदाधिकारीमा बाल क्लबको साधारण सभाबाट चयन हुनेछनः-

(क) अध्यक्ष - १ जना

(ख) उपाध्यक्ष - १ जना

(ग) सचिव - १ जना

(घ) सह- सचिव - १ जना

(ङ) सदस्य - ५ जना

(३) उपदफा (२) बमोजिमको समितिमा अध्यक्ष वा सचिव सहित ३ जना महिला सहभागिता अनिवार्य हुनेछ।

४) उपदफा २ बमोजिम गठन गरिने कार्य समिति पदाधिकारीमा १० वर्ष पुरा भइ १७ वर्ष ननाघेको।

१२. **सल्लाहकार समितिः** (१) स्थानीय शिक्षक, सामाजिक कार्यकर्ता, सामाजिक क्षेत्रमा योगदान पुऱ्याएका वा अनुभव हाँसिल गरेका व्यक्ति तथा अभिभावक मध्येबाट आवश्यकता अनुसार साधारण सभाबाट बढीमा ३ जना सदस्य सल्लाहकार समिति रहनेछ।

(२) बाल क्लबको निवर्तमान अध्यक्ष पदेन सल्लाहकार हुनेछ।

१३. **संरक्षक र सम्पर्क शिक्षक** (१) प्रधानाध्यापक बाल क्लबको संरक्षक र निजले तोकेको शिक्षक सम्पर्क शिक्षक हुनेछ।

(२) बाल क्लबको सम्पूर्ण अभिभावकत्व संरक्षकले गर्नेछ।

१४. **सदस्यको पदावधिः** (१) समितिको सदस्यको पदावधि चयन भएको मितिले २ वर्षको हुनेछ।

(२) दफा ९ बमोजिम कुनै पदाधिकारीको पद रिक्त भएमा बाँकी अवधिका लागि बाल क्लबको कार्यसमितिले रिक्त पदाधिकारीको सर्वसम्मत चयन गर्ने।

## परिच्छेद-६

## क्लबका कार्य समिति तथा पदाधिकारीको काम, कर्तव्य र अधिकार

१५. **कार्य समिति तथा पदाधिकारीको काम, कर्तव्य र अधिकारः** कार्य समिति तथा पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

**क. कार्य समितिको काम कर्तव्य र अधिकार**

१. क्लबको आगामी वर्षको वार्षिक कार्यक्रम तथा गतिविधीहरु वनाइ साधारणसभामा प्रस्तुत गर्ने

२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने

३. साधारण सभा प्रति उत्तरदायी रहने

४. क्लबको उदेश्य प्राप्तिका लागि उपलब्ध साधन स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने

५. क्वबको कार्य सम्पादन गर्ने कार्ययोजना बनाउने श्रोत जुटाउने कार्यान्वयन सुपरीवेक्षण र अनुगमन गर्ने

६. क्लबको कागजात चल अचल सम्पतिको सम्पत्तिको संरक्षण गर्ने

७. नगरपालिका तथा वडा कार्यालय र सरोकारवाला निकायहरु संग आवश्यक समन्वय गर्ने र क्लबको उदेश्य बमोजिमका कार्यक्रम संचालन गर्ने

८. प्रगति विवरण तयार पार्ने

**ख. अध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. क्लबको बैठक र साधारण सभाको अध्यक्षता गर्ने,

२. क्बलको बैठक वा साधारण सभामा आवश्यक प्रस्ताव र कागजात पेश गर्ने,

३. क्लबको निर्णय, वडा बाल अधिकार समिति र स्थानिय बाल अधिकार समितिको निर्देशन कार्यान्वयन गर्ने गराउने,

४. क्लबको तर्फबाट कुनै कार्यक्रममा सहभागी हुनुपर्ने भएमा क्लबको प्रतिनिधित्व गर्ने वा प्रतिनिधि चयन गरी पठाउने,

५. उपाध्यक्ष र अन्य पदाधिकारीलाई कार्य विभाजन गर्ने,

६. आफ्नो अनुपस्थितिमा उपाध्यक्ष र उपाध्यक्ष नभएमा कार्यसमिति मध्येबाट वरिष्ठ सदस्यलाई कार्यबाहक अध्यक्ष तोक्ने,

७. बालअधिकार समिति, राष्ट्रिय बाल अधिकार परिषद्, अन्य बाल क्लब, १०९८, १०४ का साथै बालबालिका सँग सम्बन्धित संघ संस्था वा निकायसँग समन्वय गर्ने गराउने,

८. वडा तथा नगरपालिका, बालबालिका सँग सम्बन्धित सरोकारका निकायसँग कार्यक्रमको माग गर्ने र कार्यान्वयन गर्ने गराउने,

९. बालक्लबको उदेश्य पुरा गर्न प्रमुख दायित्व निर्वाह गर्ने।

**ग. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१. अध्यक्षको अनुपस्थितमा कार्यबाहक अध्यक्ष भई कार्य गर्ने।

२. तोकेको अन्य कार्य गर्ने।

**घ. सचिवको काम, कर्तव्य र अधिकारः**

१. क्लबको स्वीकृत कार्यक्रम कार्यान्वयन गर्ने,

२. बाल क्लबसँग सम्बन्धित सम्पुर्ण अभिलेख राख्ने तथा अध्यावधिक गर्ने,

३. क्लबको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत सुरक्षित राख्ने,

४. अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने बैठकको प्रस्तावहरु तयार गरी अग्रिम जानकारी गराउने, निर्णय लेख्ने, निर्णय पुस्तिका जिम्मा लिने र निर्णय प्रमाणित गर्ने,

५. क्लबको प्रशासकीय कार्य गर्ने,

६. तोकिएका अन्य कार्य गर्ने ।

**ङ. सहसचिवको काम, कर्तव्य र अधिकारः**

१. सचिवको अनुपस्थितमा सचिवको जिम्मेवारी लिई कार्य गर्ने।

२. तोकिएका अन्य कार्य गर्न

**च. सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

१. बैठकमा सक्रिय सहभागी भइ आफ्नो मत पेश गर्ने,

२. क्लबको उदेश्य पुरा गर्न रचनात्मक भुमिका निर्वाह गर्ने,

३. तोकिएको कार्य गर्ने,

**१६.** **बैठक सम्बन्धी व्यवस्थाः** (१) बाल क्लबको बैठक महिनाको एक पटक नियमित र आवश्यकता अनुसार बस्न सक्नेछ।

(२) बैठकको गणपुरक संख्या एकाउन्न प्रतिशतको उपस्थितिलाई मानिनेछ।

**१७.** **निर्णयः** बाल क्लवको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछन।

## परिच्छेद -७

## विविध

**१८.** **कार्य समितिका सदस्य छनौट प्रक्रियाः** विधानमा व्यवस्था भए बमोजिम कार्य समितिको चयन सकेसम्म सर्वसम्मतिका आधारमा गरिनेछ। सर्वसम्मति हुन नसकेको खण्डमा कार्य समितिका सदस्य छनौटका लागि साधारण सभाले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अवलम्बन गर्न सक्नेछ। कार्यसमिति छनौटका लागि आवश्यकता अनुसार साधारण सभाले संरक्षक एंव सल्लाहकार समितिका सदस्यको सुझाव लिनेछ।

**१९.** **दर्ता नविकरण र खारेजी** (१)बाल क्लवको दर्ता, नविकरण र खारेजी नगरपालिकाको कानुन बमोजिम हुनेछ।

२०. **आर्थिक कारोबार गर्न नपाउने** (१)बाल क्लवले कुनैपनि किसिमको आर्थिक कारोबार चन्दा र लेनदेन सम्बन्धी व्यवहार गर्ने छैन बाल क्लवलाई व्यवस्थित र परिचालन गर्नको लागि सम्बन्धित वडा/नगरपालिका, विद्यालय र सरोकारका निकायबाट नै आर्थिक कारोबार व्यवस्था हुनेछ।

२१. यो क्लब बाल अधिकारको संरक्षण प्रवर्द्धनका अभियानमा साथ सहयोग तथा सरोकारका विषयमा सामुहिक रुपमा प्रस्तुत हुन वडा/नगर वाल क्लब सञ्जालमा आवद्ध हुन सक्नेछ।

२२. **प्रतिवेदन:** वार्षिक साधारण सभाबाट पारित वार्षिक प्रतिवेदन वडा/स्थानीय बाल अधिकार समिति तथा सम्बन्धित निकायमा पेश गरिनेछ।

## अनुसूची -१

## बाल क्लबको छाप तथा लोगो

बाल क्लबको लोगो गोलो घेराभित्र सम्बन्धित बालक्लबको नाम र ठेगाना साथै त्यसको बीचमा बालक र बालिको हातमा किताब फैलाएर लिएका वा .................................... हुनेछन।

बालक्लबले आफ्नो लोगो अनुसारको छाप बनाउन सक्नेछ।